


Research Management Cell
Adarsha Multiple Campus

AMC Journal
Link : https://doi.org/10.3126/amcj.v3i1.45460

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# क्षण, जाति र परिवेशका आधारमा 'अभागी' कथाको विश्लेषण

कमला रेग्मी*

## सार

*प्रस्तुत अध्ययनमा गुरुप्रसाद मैनालीको 'अभागी' कथामा देखिएको मूल प्रकृतिलाई समेट्ने प्रयत्न गरिएको छ । समाजशास्त्री हिप्पोलाइट अडोल्फ टेनद्वारा प्रतिपादित समाजशास्त्रका प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण गरिएको छ । पाश्चात्य साहित्यमा निहित समाज र संस्कृतिको चित्रण गर्ने सिद्धान्त विशेषका रूपमा साहित्यको समाजशास्त्रीय अध्ययन परिचित छ । यसका पनि विधेयवादी र मीमांशावादी गरी दुई धाराहरू छन् । प्रस्तुत अध्ययन साहित्यको समाजशास्त्रीय चिन्तनअन्तर्गत विधेयवादी धारासँग सम्बन्धित छ । साहित्यिक समाजको अध्ययनमा प्रजाति, क्षण र परिवेशले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले विविध मान्यतामध्ये यी तीन कुराहरूले व्यक्तिको भाषा, संस्कृति, रहनसहन, परिस्थिति आदिमा साहित्य र समाजको अध्ययन गर्न सकिन्छ भन्ने विचार प्रस्तुत गरिएको छ । सिर्जना समाजभन्दा भिन्न रहन सक्दैन भन्ने धारणा यसमा छ । टेनले प्रजातिको विकासमा डार्विनको विकासवादी सिद्धान्तबाट पनि प्रभाव ग्रहण गरेका छन् । उनले साहित्यको अध्ययनबाट त्यस समयको मान्छेको भावना, विचार र जीवन अवस्था बोध हुन्छ भन्ने मान्यता राखेका छन् । साहित्यको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजलाई समाजसँग जोडेर हेर्नुपर्छ । मान्छे एक्लो हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा जेलिएको हुन्छ । त्यसैले वातावरणको प्रभावमा एउटा मेसिनले जसरी साहित्यकारको मस्तिष्कले कार्य गरेको हुन्छ । साहित्यिक कृतिमा प्रजाति, क्षण र परिवेशको आधारमा 'अभागी' कथाको समाजशास्त्रीय विश्लेषण गर्दा जुन घटनाक्रम आएका छन्, तिनलाई यस अध्ययनमा टेनको समाजशास्त्रीय प्रवृत्तिगत विशिष्टताका आधारमा तथ्यपूर्ण विश्लेषण गर्ने प्रयास गरिएको छ ।*

**मुख्य शब्दावली** : प्रत्यक्षवाद, मनोविज्ञान, विधेयवाद, समाजशास्त्र, सामाजिक यथार्थवाद ।

* *श्री कमला रेग्मी नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरमा दर्शनाचार्य (एम.फिल.) तहकी शोधार्थी हुनुहुन्छ ।*
*Email: kamalaregmi1122@gmail.com*

## पृष्ठभूमि

प्रस्तुत अध्ययनको शीर्षक 'अभागी' कथामा प्रजाति, क्षण र परिवेशको अध्ययन रहेको छ। 'अभागी' कथाका कथाकार गुरुप्रसाद मैनाली (वि.सं. १९५७-२०२८) हुन् । उनको वि.सं. २०२० मा प्रकाशित नासो कथा सङ्ग्रहमा 'अभागी' कथा पनि सङ्ग्रहित छ । यो कथालाई समाजशास्त्री हिप्पोलाइट अडोल्फ टेन (सन् १९२८-१९९३) द्वारा प्रतिपादित प्रजाति, क्षण र परिवेशको समाजशास्त्रीय मान्यताका आधारमा विश्लेषण गरिएको छ। वास्तवमा समाजको अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ। यो समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विद्या अर्थात् मानव समाज तथा संस्कृतिको उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र हो (प्रभात, २०७०, पृ. २९८) । टेनको सिद्धान्तले चाहिँ साहित्यमा रहेको समाजको अध्ययन गर्दछ। यसलाई आधार बनाएर कृतिको विश्लेषण गर्ने पद्धति नै साहित्यको समाजशास्त्रीय पद्धति हो । यसले साहित्यमा रहेको समाजको अध्ययनका माध्यमबाट त्यस समाजमा रहेको प्रजाति, क्षण र परिवेशको उद्घाटन गर्दछ। कुनै पनि साहित्यिक कृतिमा कुनै न कुनै रूपमा समाजको उपस्थिति रहेको हुन्छ भन्ने मान्यता समाजशास्त्रीहरूको रहेको छ। समाजको वस्तुपरक विश्लेषण गर्ने मध्येमा एक मुख्य व्यक्तिका रूपमा हिप्पोलाइट अडोल्फ टेन पनि विशेष व्यक्तित्व हुन् ।

आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार मैनालीले 'अभागी' कथामा समाजद्वारा निर्माण गरिएको सोच, व्यवस्था र विश्वासका कारण मान्छेको भाग्य निर्धारण हुने कारणलाई दर्साएको छ । उनका कथाले वि.सं. १९९० पछिको नेपाली समाजको परिवेशलाई समेट्न खोजेको छ। वि.सं. १९९२ सालमा शारदामा नासो प्रकाशित भएपछि उनले क्रमशः छिमेकी, प्रायश्चित्त, बिदा र परालको आगो गरी चार कथाहरू लगातार लेखे । यी कथाहरू शारदा पत्रिकामा र कथाकुसुम कथा सङ्ग्रहमा वि.सं. १९९५ सम्ममा प्रकाशित पनि भए । उनका अन्य रचना श्रद्धाञ्जली र आधुनिक कथा साहित्य वि.सं. १९९७ मा भानु स्मारक ग्रन्थ र शारदामा प्रकाशित भए। वि.सं. २००२ मा उनले 'पापको परिणाम' र वि.सं. २००३ मा 'अभागी' कथा लेखे (भट्ट, २०६०, पृ. २०)। समाजशास्त्री टेनले साहित्यिक समाजको अध्ययनमा प्रजाति, क्षण र परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने कुरालाई अगाडि सारेका छन्। उनको समाजशास्त्रीय विश्लेषणअन्तर्गत रहेर 'अभागी' कथामा प्रजाति, क्षण र परिवेशको स्थिति के कस्तो रहेको छ भन्ने विश्लेषण गरिएको छ।

## समस्या कथन

'अभागी' कथामा तत्कालीन समाजको चित्रण गरिएको छ। त्यसैले समाजशास्त्रीय आधारमा यस कथाको विश्लेषण गर्नु आवश्यक देखिएको छ। कृतिभित्रको समाज र कृतिबाहिरको समाज के कस्तो रहेको छ ? कथामा के कस्तो क्षण, जाति र परिवेशको उपस्थिति छ ? यस कथाभित्र साहित्य र समाजको सम्बन्ध के कस्तो रहेको छ ? लगायतका प्राज्ञिक समस्यामा आधारित रहेर यस अध्ययनको विश्लेषण गरिएको छ। यी सन्दर्भलाई यस अध्ययनभित्र समस्याका रूपमा यसरी निर्क्योल गरिएको छ :

- 'अभागी' कथामा क्षण, जाति र परिवेशको प्रस्तुति के कसरी भएको छ ?

## उद्देश्य कथन

सामाजिक पृष्ठभूमिमा अध्ययनीय 'अभागी' कथाले तत्कालीन समाजलाई विभिन्न सन्दर्भ र परिवेशलाई यथार्थपरक शैलीमा समेटेको छ। सोही कुरालाई समाजशास्त्री टेनको अवधारणा तथा मान्यताका आधारमा विश्लेषण गरिनु उपयुक्त हुन्छ। अतः गुरुप्रसाद मैनालीद्वारा लिखित 'अभागी' कथालाई समाजशास्त्री टेनको क्षण, जाति र परिवेशगत मान्यताका आधारमा विश्लेषण गर्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन तयार पार्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय अध्ययन कार्यका आधारमा सङ्कलन गरिएको छ । यसमा पुस्तकालयीय कार्यबाट सङ्कलित सामग्रीको विश्लेषणको लागि निगमनात्मक विधिको उपयोग गरिएको छ। 'अभागी' कथाको क्षण, जाति र परिवेश पहिचानका सन्दर्भमा टेनको क्षण, जाति र परिवेशसम्बन्धी मान्यताका आधारमा सैद्धान्तिक पर्याधार निर्माण गरी सोही अनुरूप कथाको क्षण, जाति र परिवेश पहिचान गरिएको छ । कृति विश्लेषणका लागि नासो कथा सङ्ग्रहभित्र सङ्ग्रहित 'अभागी' कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

## अध्ययनको सैद्धान्तिक आधार

समाजशास्त्रका जन्मदाता अगस्ट कोम्ते (सन् १७९८-१८५७) हुन्। ल्याटिन सोसाइटसको र लोगोसको अन्वयबाट सोसियोलोजी शब्द बनेको हो। ल्याटिन शब्द सोसाइटसको अर्थ समाज र लोगोसको अर्थ विज्ञान भन्ने हुन्छ। सोसोलोजी शब्दको नेपाली रूपान्तरण नै समाजशास्त्र भन्ने हुन्छ। साहित्यमा अभिव्यक्त समाजको विश्लेषण गर्ने सिद्धान्त नै साहित्यको समाजशास्त्रीय सिद्धान्त हो । साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधारमा चर्चा गर्ने काम हिप्पोलाइट एडल्फ टेनले गरेका हुन् । उनले साहित्य र कलालाई एकै स्थानमा जोड्ने काम गरेका छन्। खासगरी उनको मान्यता कृतिमा प्रयुक्त भएको प्रजाति, क्षण र परिवेशमा केन्द्रित छ। टेनले सन् १८६३ मा 'द हिस्ट्री अफ इङ्लिस लिट्रेचर' नामक पुस्तकको प्रस्तावनामा प्रत्यक्षवादको सार खिचेका छन् । यस आधारमा उनले साहित्यिक कृतिलाई व्यक्ति मनोविज्ञानको अभिव्यक्ति मान्दै त्यसलाई प्रकारान्तरले पर्यावरण तथा युगको अभिव्यक्ति मानेका छन् (शर्मा र लुइटेल, २०६३, पृ. १२८) । उनले साहित्यमा प्रयोग भएका यिनै समाजशास्त्रीय त्रितत्त्वलाई सुसंगठन गरे। समाजको यथार्थ चित्र साहित्यमा देखिने तर्क अघि सारे । वास्तवमा साहित्यकार प्रत्यक्ष रूपले समाजसँगै गाँसिने हुँदा उसले भोगेको क्षण, प्रजाति र ऊ बाँचेको परिवेश साहित्यमा झल्किएको हुन्छ। साहित्यिक कृतिको प्रस्तुतिका क्रममा जैविक वंशाणुगत गुण पनि अभिव्यक्त भएको हुन्छ । यस मानेमा उनका अनुसार साहित्य व्यक्तिगत कल्पनाको उपज नभएर समाजको सोचाइको अभिव्यक्ति हो । साहित्य समाजको अभिव्यक्तिको सूचना भण्डार हो (पाण्डेय, सन् २००६, पृ. १२५) भन्ने धारणा व्यक्त गरेका छन्। यसरी साहित्य प्रजाति, क्षण र परिवेशको दस्तावेज हुन पुग्दछ । सफल र अनुभवी साहित्यकारले पूर्ण रूपमा समाजको प्रजाति, क्षण र परिवेशको अभिव्यक्ति दिन सक्दछ भन्ने टेनको मत छ (क्षेत्री, २०६४, पृ. १७) । यसरी टेनको दृष्टिमा साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने व्यक्तिले साहित्यमा व्यक्त प्रजाति, क्षण र परिवेशबारे अध्ययन गर्नुपर्दछ।

यिनै तीन कुराहरूको अन्तरसम्बन्ध साहित्यको समाजशास्त्रीय अध्ययनबाट सम्भव हुन्छ । टेनले साहित्य र साहित्यिक कृतिलाई युगानुकूल व्याख्या गर्न निर्देश गरेका छन् । वस्तुतः साहित्यिक कृतिमा प्रजाति, क्षण र परिवेशको उल्लेख हुन्छ । कुनै साहित्यिक रचनालाई राम्ररी बुझ्न र त्यसको मूल्याङ्कन गर्नका लागि साहित्यकार जुन जाति, जुन युग एवम् जुन क्षणको छ त्यसको राम्ररी अध्ययन गर्न आवश्यक छ (शर्मा र लुइटेल, २०६३ : १२९) । कृतिमार्फत साहित्य सिर्जना समयको तथा त्यसमा उल्लेख प्रजाति, क्षण र परिवेशको अध्ययन गर्न सकिन्छ भन्ने देखिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा टेनको अवधारणागत आधार अर्थात् क्षण, जाति र परिवेशको सैद्धान्तिक अवधारणालाई उपयोग गरिएको छ । यही त्रिपक्षीय चिन्तनको बुँदालाई आधार मानी गुरुप्रसाद मैनालीको 'अभागी' कथाको विश्लेषण गरिएको छ ।

## समाजशास्त्रीय मान्यतामा टेनको क्षण, जाति र परिवेशगत मान्यता

समाज र सामाजिक वस्तुस्थितिलाई समाजशास्त्री टेनले सटिक चर्चा गरेका छन् । समाजशास्त्रीय विश्लेषणलाई वस्तुपरक व्याख्या गर्न उनको अवधारणा निकै उपयोगी छ । वास्तवमा ठोस विधिहरूको प्रयोगद्वारा समाजका विभिन्न पक्षहरू, राजनैतिक, आर्थिक, सांस्कृतिक, दैनिक जीवन आदिका आपसी सम्बन्धहरू, प्रवृत्तिहरू र नियमितताहरूको अध्ययन गर्नुलाई समाजशास्त्रीय अन्वेषण भनिन्छ (प्रभात, २०७०, पृ. २९८) । उनको विश्लेषणले युगीन चिन्तनमा केन्द्रित रहन सिकाउँछ । साहित्यको विश्लेषणमा पनि समय र भोगाइलाई युगानुकूल विश्लेषण गर्ने एक सहज सिद्धान्तका रूपमा टेनको अवधारणा विकसित छ ।

- **प्रजाति**

समाजशास्त्रीय दृष्टिकोणबाट कृति विश्लेषण गर्न सकिने एउटा आधार प्रजाति हो । कुनै पनि कथामा कथाकारले वा साहित्यमा साहित्यकारले प्रजातिहरूलाई पहिचान गर्न सक्ने विभिन्न आधारहरू प्रस्तुत गरेका हुन्छन् । सहज तथा वंशाणुगत विशेषता, शारीरिक संरचना, भाषिक अवस्था आदिको चर्चा गर्दै टेनले कुनै प्रजातिको चरित्रगत विशेषताहरू जलवायु, माटो एवम् इतिहासमा महान् घटनाका उपज हुने प्रसङ्ग उल्लेख गरेका छन् । साथसाथै चरित्रको आधारभूत विशेषता, प्रजातिको विशिष्ट चेतना, सौन्दर्य अनुभूतिमा प्रकट हुने र प्रजातिको चरित्रअनुसार सौन्दर्यात्मक आदर्शको विकास हुने उल्लेख गरेका छन् (पाण्डेय, सन् २००६, पृ. १२४) । सिर्जना समाजभन्दा भिन्न हुन सक्दैन । सर्जक समाजबाट जन्मिन्छ र आफ्नो सिर्जनाको विषयवस्तु पनि उसले समाजबाट नै लिन्छ । सामाजिक संरचनाबाट नै सर्जकहरूले आफ्नो विषयवस्तु प्राप्त गर्दछ । सर्जकले समाजका सामाजिक आचरणलाई रचनामा समायोजन गरेको हुन्छ । जीवन सङ्घर्ष, भोगाइ वा अनुभवमा सामाजिक परिवेशले उसलाई प्रभाव पार्छ । वस्तुतः सर्जकले जीवन र जगत्को साझा अवधारणालाई साहित्यमा समावेश गर्दछ । यसर्थ सर्जक बाँचेको सामाजिक संरचनाभित्रका वर्ग, जाति, लिङ्ग, धर्म, भाषा, पेसा आदिको प्रभावमा उसले आफ्नो अनुभवलाई समेट्छ । लेखक कुनै प्रजातिगत गुणहरूबाट परिचित वा संरचित पनि हुन्छ । यसकारण उसले पात्रहरूमार्फत् विभिन्न प्रजातिगत अभिलक्षणहरू प्रस्तुत गर्ने गर्दछ ।

टेनका अनुसार वास्तवमा मान्छे विभिन्न जातजाति बनेर विश्वभरि नै फिँजिएर रहे तापनि प्रत्येक मानिसमा उसको जातिगत विशेषता रहेको हुन्छ । ऊ जहाँ पुगे पनि उसले प्रारम्भमा

सिकेका आफ्ना जातिगत विशेषताहरू, जस्तो : खानपान, बोलाइ, हिँडाइ, रीतिरिवाज, संस्कार आदि उसको आदर्शको रूपमा रहिरहन्छन् (जैन, सन् १९९२, पृ. २२) । समाजमा नकारात्मक प्रभाव परे पनि मान्छेले आफ्नो सामाजिक संस्कारलाई कहीँ न कहीँ अवलम्बन गरेकै हुन्छ । टेनका अनुसार सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो । कृतिको सर्जक र कृतिमा समाहित भएको मानवको बारेमा जान्नका लागि पनि साहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ । कुनै पनि साहित्यिक कृति आकाशबाट अवतरित भएको नभई प्रत्येक कृति कुनै समयमा आएका प्रजातिहरूको छाया तथा खोल जस्तो हुन्छ । प्राणीको अवशेष र खोलबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिए जस्तै कृतिको अध्ययनबाट मानव प्रजातिहरूको अध्ययन गर्न सकिन्छ ।

टेनका समकालिक विचारक सेन्ट व्युले साहित्यकारका जीवनीको विस्तृत अध्ययनलाई कृतिको मूल्याङ्कनको आधार मानेका छन् । तुलनात्मक रूपमा टेनले बढी व्यवस्थित, वैज्ञानिक र सन्तुलित रूपमा मार्क्सवादी साहित्य चिन्तनलाई समेट्ने कुरालाई स्वीकार गरिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. १२८) । उनको विचारमा लेखकले समकालीन समाजका प्रजाति, उनीहरूको व्यवहार तथा स्वभावको प्रभावबाट साहित्यको सिर्जना गरेको हुन्छ । प्रजाति अन्तर्गत व्यक्तिका सहज तथा वंशाणुगत विशेषता, मानसिक सोचाइ र शारीरिक बनावट आदिको चर्चा गरेका छन् (पाण्डेय, सन् २००६, पृ. १२४) । टेनले आर्य जातिको उदाहरण दिँदै कुनै पनि प्रजाति देश, काल र परिस्थितिका कारणले टाढा-टाढा गए पनि उनीहरूमा केही समान विशेषताहरू हुन्छन् र आफ्ना कृतिमा कुनै प्रजातिको चारित्रिक विशेषता, त्यहाँको हावापानी, प्रकृति, इतिहास आदिको कारणले प्रभाव पारेको हुन्छ भन्दछन् । टेनको दृष्टिमा सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानवजाति तथा प्रजातिबारे जानकारी प्राप्त गर्नु हो । त्यसको लागि साहित्यको अध्ययन आवश्यक हुन्छ । साहित्यिक कृति लेखनको माध्यम मात्र लेखक हुन्छ तर त्यो लेखकको निजी विचार हुँदैन । त्यो कुनै जाति र समाज विशेषको अनुभूति हुन्छ (भुसाल, २०७६, पृ. १२१) । यसरी टेनले साहित्यको अध्ययनका लागि अन्य विषयमध्ये प्रजातिलाई एउटा प्रमुख विषयका रूपमा मानेका छन् ।

- **क्षण**

क्षण भनेको युगचेतना हो भने पर्यावरण भनेको साहित्यकारले साहित्य सिर्जना गर्दा चित्रण गरेको देश, काल र वातावरण हो । साहित्यकारले देखेको, भोगेको क्षण र पर्यावरणको छाप उसले रचना गरेको साहित्यिक कृतिहरूमा स्पष्ट रूपमा देखिरहेको हुन्छ । पर्यावरण साहित्यसँग जोडिएर आएको हुन्छ र यसले मानव, मानवेतर प्राणी तथा वनस्पतिसमेतको अन्तरसम्बन्धको संरक्षणमा दृष्टि दिएको हुन्छ । कुनै पनि कृतिको समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा आधार बनाइने तीन तत्त्वमध्येको आधार क्षण पनि हो । पहिचानबाट त्यस साहित्यिक कृतिमा प्रयुक्त भएको युगीन चेतनाको बोध हुन्छ । क्षण भनेको कुनै पनि साहित्यकार आफू बाँचेको युग हो । त्यसैको प्रतिबिम्ब साहित्यमा अभिव्यक्त भएको हुन्छ । साहित्यिक अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्थाबारे बोध हुन्छ । टेनका अनुसार एक युगमा कुनै विचारको प्रधानता रहेको हुन्छ र त्यसको एक किसिमको बौद्धिक ढाँचा पनि रहेको हुन्छ जसले सम्पूर्ण समाजकै चिन्तनलाई प्रभावित गरेको हुन्छ (पाण्डेय, सन् २००६, पृ. १२५) । लेखक तथा कलाकार आफ्नो युगको विषयमा सचेत हुन्छ । त्यसकारण

उसले कृतिमा व्यक्त गरेको युग एउटा विशेष स्मरणीय समयका रूपमा रहेको हुन्छ । क्षणलाई टेनले विशेषगरी काल, युगविशेष र युगचेतनाको रूपमा प्रयोग गरेको पाइन्छ (जैन, सन् १९९२, पृ. २३) । टेनका अनुसार एउटा युगमा बौद्धिक साँचोको रूपमा कुनै प्रधान विचार रहेको हुन्छ । त्यसले पूरै समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित पारेको हुन्छ र जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ । लामो समयपछि यस्तो विचारको विस्तारै ह्रास हुँदै जान्छ र अर्को नयाँ विचार प्रधान विचारका रूपमा रहन पुग्छ । यसका साथै यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग जोडिएर नयाँ प्रकारको चिन्तन र सिर्जनाको लागि प्रेरणा दिन्छ (पाण्डेय, सन् २००६, पृ. १२५) । यसबाट जुनसुकै युगमा पनि एउटै किसिमको मान्यता रहिरहन सक्दैन भन्ने कुरा स्पष्ट हुन्छ । उनले साहित्यको अध्ययनबाट त्यस समयको मान्छेको भावना, विचार र जीवन अवस्था बोध हुन्छ भनेका छन् । साहित्यमा प्रायः गरेर त्यस क्षणको समय र प्रजातिको आत्माको मनोविज्ञान प्रकट भएको हुन्छ । कथा वा साहित्यमा समयका विभिन्न सूचक शृङ्खलाहरू आएका हुन्छन् । क्षणले त्यस समयको चिन्तकहरू र साहित्यकारहरूलाई प्रभावित बनाएको हुन्छ । प्रत्येक युग वा क्षणमा मान्छेको चिन्तन वा विचार छुट्टै प्रकारको हुन्छ । मानिसको परिकल्पना र सोचाइहरू फरक-फरक किसिमका हुन्छन् । यसबाट फरक-फरक किसिमका साहित्यहरू जन्मन्छन् । तिनै साहित्यमा तत्कालीन समयको अवस्था विश्लेषण गर्ने प्रमुख सैद्धान्तिक अवधारणा क्षण हो । महान् रचनाको समुचित व्याख्याबाट जति धेरै राम्रो ज्ञान पाइन्छ, उपन्यास वा कविताले समाजको जति धेरै ज्ञान दिन सक्दछन् त्यो इतिहासले दिन सक्दैन (पाण्डेय, सन् २००६, १२८) । यसरी साहित्यको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजलाई समाजशास्त्री टेनले महत्त्वपूर्ण विषयका रूपमा लिएका छन् ।

- **परिवेश**

साहित्यको समाजशास्त्रीय अध्ययनमा टेनले प्रजाति र क्षण जस्तै परिवेशलाई पनि मुख्य आधारका रूपमा लिएका छन् । मूलतः टेनले प्राकृतिक परिवेशलाई महत्त्व दिए तापनि त्यसमा सामाजिक परिवेशलाई पनि समाविष्ट गर्छन् । उनी भन्छन्- संसारमा मानिस एक्लै हुँदैन । उसका चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । उसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक, सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन् (पाण्डेय, सन् २००६, पृ. १२५) । उनले पात्रको स्वभाव र उसको प्राकृतिक, सामाजिक परिवेशका बिच कार्यकारण सम्बन्ध स्थापित गर्ने कोसिस गरेका छन् । यसरी उनले प्राकृतिक एवम् सामाजिक परिवेशको प्रभाव पात्रमा पर्ने हुँदा परिवेशको पृष्ठभूमिमा पात्रका चारित्रिक विशेषताहरूको विश्लेषण गर्न सकिने कुरालाई औँल्याएका छन् । स्थानीय रङ्ग बाह्य सौन्दर्यप्रति सीमित हुन्छ र वातावरणचाहिँ आन्तरिक सौन्दर्यप्रति केन्द्रित हुन्छ । स्थानीय रङ्ग पाठकको चाक्षुषसँग र वातावरणचाहिँ पाठकको संवेगसँग सम्बन्धित हुन्छ (थापा, २०७३, पृ. १७३) । टेनका विचारमा परिवेशसम्बन्धी सिद्धान्त साहित्यको कार्यकारण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो । उनी परिवेशअन्तर्गत हावापानी तथा भूगोललाई महत्त्व दिन्छन् र साहित्यको सूक्ष्म विश्लेषणमा सामाजिक र राजनीतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्छन् (जैन, सन् १९९२, पृ. २४-२५) । यसरी बाहिरी परिवेशले मान्छेलाई प्रभाव पार्दछ । त्यसैले साहित्यकार बाँचेको समाजको प्राकृतिक तथा सामाजिक प्रभाव साहित्यमा पनि

पर्छ । समाजमा रहेका विभिन्न समुदायबिच अन्तरक्रिया हुन्छ । यस क्रममा जीवन र जगत्लाई हेर्ने एउटा दृष्टिकोण विकास हुँदै जान्छ (कार्की, २०७५, पृ. ११३) । अतः साहित्यको समाजशास्त्रीय अध्ययनमा परिवेशलाई पनि मुख्य आधारका रूपमा ग्रहण गरिएको छ ।

## क्षण, जाति र परिवेशका आधारमा 'अभागी' कथाको विश्लेषण

- **कथामा प्रयुक्त प्रजाति चिन्तन**

'अभागी' कथामा आएका पात्र पण्डित माधवप्रसाद यस कथाका मुख्य पात्र अथवा नायक हुन् । उनलाई कथाको प्रारम्भमा नै पण्डित भनेर सम्बोधन गरिएकाले यिनी उच्चकुलीन जातिका हुन् भन्ने कुरा देखिन्छ । कथामा आएका माधवप्रसाद र उनकी धर्मपत्नीको प्रसङ्गले तत्कालीन समाजमा जातिपातिका दृष्टिले उच्च भनिने कथित कुलीन जातिले निम्न वर्गप्रति गर्ने हेय व्यवहार र निम्न जातिकाले उच्च जातिकालाई सम्मानित तरिकाले हेर्ने समाजको सामाजिक अवस्था थियो भन्ने कुरा यस 'अभागी' कथाबाट पत्ता लगाउन सकिन्छ । पेसागत रूपमा पण्डित्याइँ गर्नु, मर्ने बेलामा अरूले मुखमा पानी हालिदिनु, मर्ने बेलामा आफ्ना सन्तानको मुख हेरेर मर्ने चाहना गर्नु आदि घटनाक्रमहरू जातीय परम्परासँग सम्बन्धित घटनाहरू हुन् । मानिसलाई सास जाने बेलामा तुलसीको मठमा गोबरले लिपेर लगेर राख्नु, जल, जौ, तिल छर्कनु, मुखमा गङ्गाजल राखिदिनु, मरेका मानिसलाई भएसम्म आफ्नाले नै बोकेर घाटसम्म लगी जलाएर अन्तिम संस्कार पूरा गर्नु आदि घटनाक्रमहरू यस कथामा आएका छन् । यस कथामा आएका घटनाक्रमले पनि यस कथाको जातीय परिवेश हिन्दू धार्मिक कट्टरताको परिपालन भएको समाजबाट कथावस्तुहरू लिएर कथा रचना गरिएको भन्ने कुरा पत्ता लगाउन सकिन्छ ।

यिनै प्रस्तुत घटनाहरूबाट यस कथामा व्यक्त समाज, धर्म-संस्कार, जातिपाति आदिमा विश्वास गर्ने रूढिग्रस्त समाज हो भन्ने स्पष्ट हुन्छ । यसमा ठूला जातिका मानिस र साना जातिका मानिसबिचको भेदभाव, थिचोमिचो, सामाजिक प्रचलनको पनि उल्लेख भएको पाइन्छ । त्यस समयका ठूला जातिका मानिस र साना मानिसले गर्ने कामहरू पनि फरक थिए ।

"सानुचा कसाईका छोराहरू दौडँदा दौडँदैको मोटर समातेर झुन्डिन्थे । त्यो देखेर कृष्ण पनि मोटर आयो भन्दै दगुर्दै पछि-पछि जान्थ्यो । माधव समातेर ल्याउँथे (मैनाली, २०७६, पृ. ६९) ।"

सानुचा कसाईका छोराहरू दौडँदादौडँदैको मोटर समातेर झुन्डिँदा वास्ता नगर्नु, केही नहुनु र ब्राह्मणको छोरा कृष्णले त्यसो गर्दा आश्चर्यमा पर्नु पनि तत्कालीन समाजको जाति वा प्रजातिगत भेदलाई सहज रूपमा देख्न सकिन्छ ।

"हेर हेर इलम गरेको ! पण्डितको छोरो भएर कसाईको छोरोसँग खोपी खेलेर हिँड्छस् । यस्तो बुद्धि छ र त दिनदिनै कुटाइ खान्छस् (मैनाली, २०७६, पृ. ७१) ।"

माथिको साक्ष्यबाट त्यो समाजमा तल्लो जातकासँग माथिल्ला जातका केटाकेटीले सँगै हिँड्न, खेल्न, बोलचाल पनि गर्न नहुने विचार थियो भन्ने कुरा पुष्टि हुन्छ । आफ्नी आमाले सन्तानलाई गर्ने व्यवहार र सौतेनी आमाले गर्ने व्यवहार फरक-फरक हुन्छ भन्ने कुरा तलको साक्ष्यले पुष्टि गर्छ :

"यस उमेरमा बालकहरू विशेष खेलबाडमै रमाउँछन् । खेल्न पाए भने भोक, प्यास केही कुराको वास्ता गर्दैनन् । यस अवस्थामा छोराछोरीहरू खान छोडेर खेल्न जान लागे भने आमाहरू पक्रेर ल्याएर कर लगाइ-लगाइ खुवाउँछन् । रुँदा पनि वास्ता नगरेर जबर्जस्ती नुहाइदिन्छन् । बलजफतसँग तेल घसिलिन्छन् । मैले लुगा फेरेर सुकिलो लुगा लगाइदिन्छन् । जाडो भएको बेलामा आफ्नो ओढ्नेले ढाकेर काखमा गुटुमुटु पारेर राख्छन् तर गङ्गाको बदलामा कृष्णको लालनपालन गर्न आएकी करुणा सन्तानका उपर आमाले यी प्रधान कर्तव्यहरूको पालना गर्छिन् वा गर्दिनथिन् त्यो कुरा अन्तर्यामी जानून् ।"

(मैनाली, २०७६, पृ. ७०)

माथिको साक्ष्यबाट सौतेनी आमा र आफ्नी आमाले गर्ने फरक व्यवहारको तत्कालीन परिवेशलाई निर्क्योल गर्न सकिन्छ । बिहेअघि र बिहेपछिको वातावरणले पनि यस कुरालाई पुष्टि गरेको देखिन्छ भने अन्तर्यामी जानून् भन्नाले नेपाली जातिले मान्ने धार्मिक विश्वासको परिवेशलाई प्रस्ट्याएको छ । आफ्नी आमा र सौतेनी आमामा कतिसम्म फरक हुन्छ भन्ने कुरा तलको साक्ष्यबाट प्रस्ट हुन्छ जसमा खत्रिनी र करुणाको संवादलाई नियाल्नु सान्दर्भिक देखिन्छ :

"चाडबाडको दिन बोलाएर पनि खान दिनुपर्दैन त !"

"खाँचो लागिरहेछ चोरलाई, भात पस्किएर राखिदिएको छ । भोक लागे आएर खान्छ, होइन भने मरिरहन्छ (मैनाली, २०७६, पृ. ७२) ।"

यसरी चाडबाडको दिनमा पनि सौताने छोराप्रति गरेको बेवास्ता देखेर सौतेनी आमाको छुट्टै प्रजाति देखा पर्छ । यस 'अभागी' कथामा नेपाली महान् जातिभित्रको कथित बाहुन जातिको छोराले नपढ्नु; क्षेत्री, कसाईका छोरासँग खेलेर हिँड्छ भन्नु; बाहुनको छोरो भएर दुई अध्याय रूद्री पनि नपढ्नु; रामनाथ बाहुनको छोराले पढ्यो भन्नुले पनि तत्कालीन समाजको जातिगत अवधारणालाई देखाइएको छ । तत्कालीन समयमा शिक्षा पनि अन्य जातिका व्यक्तिहरुका लागि नभएर ब्राह्मण जातिका लागि मात्र भएको बुझिन्छ भने कृष्ण जोगीसँग भागेर गएको घटना वर्णनले नेपालमा जोगी जातिको सम्प्रदाय र गृहस्थ जाति पनि रहेको पुष्टि हुन्छ ।

माधवको नरसिंपुरी बाबाजीसँग सम्पर्क हुनु, उनीकहाँ गएर गाँजा खानु जस्ता घटनाले जातिगत रूपमा पनि खानपानको बारबन्देज हुने र नहुने कुरालाई खुलासा गरेको देखिन्छ । यस कथामा वर्णित जोगी, सन्यासी, पुरी आदि जातिले गाँजा खानु र अन्य जातिले खाएमा समाजले समेत आश्चर्य मान्ने कुराबाट खानपान र जातपातको सह-सम्बन्ध रहने जातीय भेदभावयुक्त समाज रहेको कुरालाई पुष्टि गर्न सकिन्छ । जातगत र पेसागत सम्बन्धलाई हेर्ने दृष्टिकोणलाई पनि यसमा केलाउन सकिन्छ ।

नेपाली समाजमा जातगत आधारमा कार्यको विभाजन गरिन्थ्यो भन्ने कुरा नेवार जातिका मानिससँग भेट हुँदा साहु भनेबाट पनि प्रस्ट हुन्छ :

"त्यहाँबाट माधवले चित्लाङमा पुगेर एउटा पसलेसँग सोधे, "बाह्र-तेह्र वर्षको केटो साथमा लिएको एउटा कनफट्टा जोगीलाई देख्यौ कि साहु ?"

"हिजो बेलुका ट्यहीँ पाटीमा बास बसेका ठिए । केतोले कमन्दलु जुथो लाइदिएछ र जोगीले दुई-तीन चोती पित्यो । केतो रुँदै धारामा कमन्दलु माझ्दै गर्न लागेको ठियो । आज बिहानै उथेर डुबैजना भिमफेडीटिर गए (मैनाली, २०७६, पृ. ७६) ।"

यसरी भाषिक अभिव्यक्तिबाट पनि जातिगत पहिचान गर्न सकिन्छ । माथि प्रयोग भएको भाषामा नेवार जातिको भाषिक शैलीगत सङ्केत पुष्टि भएको छ । नेवारहरू व्यापारलाई आफ्नो मुख्य पेसा ठान्दछन् । यसरी गुरुप्रसाद मैनालीले 'अभागी' कथामा नेपाली समाजका बाहुन, क्षेत्री, नेवार, खत्री, जोगी, कसाई आदि विभिन्न प्रजातिहरूको उपस्थिति गराएर तिनीहरूका माध्यमबाट सिङ्गो नेपालको प्रजातिगत अवधारणालाई स्पष्ट पारेको देखिन्छ ।

- **कथाको क्षण अर्थात् युग चिन्तन**

साहित्य अथवा कृतिमा आएको युगीन चेतनालाई क्षण भनिन्छ । गुरुप्रसाद मैनालीको 'अभागी' कथाले वि.सं. २००७ सालपूर्वको नेपाली समाजको यथार्थ वस्तुस्थितिलाई देखाएको छ । कथाकारले कथाको भूमिकामा आफूले देखेको, भोगेको यथार्थ घटनाहरू हुन् भन्ने भनाइबाट पनि त्यस समयको यथार्थता कथामा छ भन्ने कुरा पुष्टि हुन्छ : धेरैजसो कथाहरू मैले स्वयम् देखेका अथवा निकटबाट सुनेका सामाजिक दृश्यहरूलाई लिएर लेखेको छु (मैनाली, २०७६, भूमिका खण्ड) । यस कुराले कथाकार बाँचेको युगको यथार्थ घटनालाई कथामा उनेको कुरा स्पष्ट हुन्छ । कथाको प्रमुख पात्र माधवले कथाको सुरुवातमा नै भनेको कुराबाट पनि त्यस समयका नारीहरू पतिपरायण हुने कुरा पुष्टि हुन्छ । पं. माधवप्रसादले आफ्नी बिरामी स्वास्नी गङ्गाको निधारमा हात राखेर भने, "बाबा तिमीलाई कस्तो छ ?" गङ्गाले गहभरि आँसु पारेर उत्तर दिइन्, "कस्तो हुन्थ्यो, अब बिछोड हुने बेला भो !" फेरि एकछिनपछि हात जोरेर भनिन्- हजुर ! के-के न गरिदिउँला भन्थेँ । मेरो यही गत भो ! कृष्ण बालक छ, त्यस अनाथमाथि दया गर्नुहोला (पृ. ६७) ।

माथि आएका साक्ष्यबाट तत्कालीन समाजका नारीहरू कति पतिपरायण हुन्थे भन्ने कुरा माधवकी श्रीमती गङ्गाले आफ्नो लोग्नेलाई सुख दिने, धनसम्पत्तिले पूर्ण पारिदिने, सकेसम्म लोग्नेको सेवा गर्ने परिकल्पना गरेबाट स्पष्ट हुन्छ । यसबाट तत्कालीन समाज र अहिलेको समाजबिच तुलना गर्न सकिन्छ । 'अभागी' कथाको कथावस्तु हेर्दा यस्तो घटना अहिले कमै मात्रामा हुने भएकाले कथाकारको समय रूढिवादी, पुरातनवादी, अन्धविश्वासी र आफ्ना पतिलाई महान् पति परमेश्वर मान्ने युग हो भन्ने कुरा पुष्टि हुन्छ । त्यसैले तत्कालीन समय पुरुषको हैकमवादी शासन भएको पुरुषवादी, पितृसत्तात्मक युग थियो । श्रीमतीहरूले आफ्ना श्रीमान्लाई ईश्वरीय रूपमा हेर्ने र आफूलाई दासीका रूपमा स्वीकार गर्ने समय थियो । धामी-झाँक्रीप्रति विश्वास गर्ने उक्त समयमा माधवले गङ्गाको उपचारका लागि डाक्टर, वैद्य, धामी-झाँक्री सबैलाई घरमा बोलाएर देखाउनुले त्यो समयमा उपचारको राम्रो व्यवस्था नभएको समयका रूपमा देखिन्छ । टेनले साहित्यकारले साहित्यका माध्यमबाट युगको साक्षात्कार गराउँछन् भनेझैँ यस कथामा पनि त्यो समयमा महिलाहरूको दयनीय अवस्था र रूढिवादी परम्परामा विश्वास गर्ने समयमा रचित कथा हो भन्ने प्रस्ट हुन्छ ।

नेपाली ग्रामीण समाजमा बस्ने हरेक व्यक्तिले एउटा मात्र पेसालाई अँगालेर बस्न नपाउने अवस्थालाई यस कथामा देखाइएको छ । यस कथामा एउटै मान्छेले जागिर, घर-गृहस्थी, खेतीपाती आदि सबै पक्षलाई हेर्नु पर्दथ्यो भने चाडबाडमा पनि नेपाली ग्रामीण समाजको मध्यम वर्गको मान्छेले परिवारसँग रमाइलो गरेर बस्न नपाउने कुरालाई कथामा आएको यस साक्ष्यले प्रस्ट पार्छ :

"दशैं आयो । माधव चौतारियाको दशैंघरमा पूजा गर्न गए । वर्षैपिच्छे जान्थे । नौरथाभरि राता लुगा लाएर एकछाक खाएर उहीँ बस्नुपर्थ्यो । टीकाको दिन विसर्जन पूजा गरेर मालिकमालिक्नीको हातको टीको लगाएर मात्र घर आउँथे (मैनाली, २०७६, पृ. ७१) ।"

यस साक्ष्यबाट तत्कालीन समयमा बाँच्नका लागि अन्य व्यवस्था खासै नभएकाले ब्राह्मण जातिकाले अरूको घरमा पूजा गर्न जानुपर्ने, त्यहीँ बस्नुपर्ने र टीकाको दिनमा मालिकमालिक्नीको हातको टीका लगाएर मात्र फर्कनुपर्ने परिस्थितिले त्यस बेलाको क्षणको सङ्केत गर्दछ । अर्कोतिर घरको मूली व्यक्ति घरमा नबस्दा बालबालिकामा पर्ने असरलाई र त्यस समयको अवस्थालाई यस साक्ष्यले अभिव्यक्त गर्दछ : "माधव राति तोप चल्ने बेलामा घर आए । कृष्ण त्यतिबेलासम्म पनि घर आएको रहेनछ । वल्लोपल्लो घरमा खोजे, कतै फेला परेन । शिवरात्रिको दिन साथीहरूसँग कतै रमिता हेर्न गयो भनेर सुते तर कृष्ण भोलिपल्ट पनि आएन (मैनाली, २०७६, पृ. ७५) ।"

यस साक्ष्यमा आएको तोप पड्काउने घटनाले राणाकालीन समयको सङ्केत गर्छ भने कथामा वर्णित बहुविवाहको प्रचलनले बालमानसिकतामा कतिको असर पर्छ भन्ने कुरा देखाउन खोजिएको छ । कथाको प्रमुख पात्र माधवलाई घरगृहस्थीको पीर हुनु, छोराको पीर हुनु, दिउँसो चौतारियाकहाँ पढाउन जाने कुराले त्यस समयको परिस्थितिलाई देखाउँछ ।

- **कथाको परिवेश वा वातावरण**

साहित्यमा परिवेशको महत्त्वपूर्ण भूमिका हुन्छ । 'अभागी' कथामा बिरामी पत्नीलाई माधवले डाक्टर, वैद्य, धामी-झाँक्री आदिलाई देखाउँदा सबै जनाले फरक-फरक रूप देखाई फरक-फरक फिस लिएर हिंड्नुले नेपाली समाजको परिवेशमा एउटालाई मात्र विश्वास नगर्ने परिस्थिति र डाक्टर हुँदाहुँदै डाक्टरलाई भन्दा धामी-झाँक्रीलाई विश्वास गर्ने अन्धविश्वासी अन्धपरम्पराले जरो गाडेको सन्दर्भलाई पुष्टि गर्दछ । गङ्गाले माधवलाई- कृष्ण बालक छ त्यसमाथि अन्याय नगर्नुहोला (६७) भन्नुले तत्कालीन समयको बहुविवाहको परिवेशलाई देखाएको छ । नेपाली समाजमा विशेषतः आमाहरूले आफ्नो मृत्युपछि लोग्नेले सौता ल्याउँछन् र आफ्नो सन्तानले दुःख पाउँछन् भन्ने सोच राखेका हुन्छन् । सामाजिक परिवेशमा यस्ता घटना घट्नुले पनि यथार्थ देखिन्छ । बिरामी गङ्गाको पटुकाभित्र छोराको खेलौनाको सामान हुनु, नानी दुलहीलाई पक्का पनि छोराको घिटघिटो रहेको हो भन्नु, अन्तिम समयमा सबै कुरा हुनु आदि सबै विषयहरू नेपाली समाजका सामाजिक परिवेशमा आधारित कुरा हुन् । अहिलेको समाजमा पनि आफ्नो सन्तानलाई मर्ने बेलामा मुख हेर्न खोजेको पाइन्छ । त्यस्तै गरेर अन्तिम समयमा सास जाने बेलामा तुलसीको मोठमा लैजानु, तुलसीको मोठमा गाईको गोबरले लिपेर जौ-तिल छर्नु, बिरामीलाई लिपेको ठाउँमा सार्नु, बिरामीलाई मुखमा गङ्गाजल राखिदिनु, अन्त्येष्टि गर्न घाटमा लैजानु आदि घटनाहरू हिन्दू परिवेशमा आधारित भएर आएका छन् ।

नेपाली समाजमा श्रीमतीको मृत्यु हुने बित्तिकै लोग्ने मान्छेले अर्को बिहेको कुरा गर्नु वा अर्को बिहे गर्नुपर्दछ भन्ने मान्यताले जरो गाडेको छ । श्रीमतीहरू भने श्रीमान् मरेपछि सधैँ विधवा भएर बस्नुपर्ने सोचले काम गरेको देखिन्छ । यति हुँदाहुँदै पनि दोस्रो विवाह भनेको दुःखको कारण हो भन्ने सोचाइ स्वयम् माधवमा आएको देखिन्छ । त्यस कुरालाई यस साक्ष्यले पुष्टि गर्दछ :

> "इष्टमित्रहरू माधवलाई बिहे गर्नुपर्दछ भनेर कर लाउँथे । माधवचाहिँ भन्थे, एउटा बिहे गर्दा त यो गत छ अर्को गर्दा कुन गोता पाइने हो । कर्मले नदिएपछि बल गरेर हुँदैन । एउटा पिउसो जन्मेको छ, हुर्काएर यसको जरोकिलो बाँधिदिन पाए पुग्यो । नदुखेको कपाल किन डोरी लाएर दुखाउनु (मैनाली, २०७६, पृ. ७०) ।"

कथामा सानुचा कसाईका छोराहरूले आमाबाबुले केही भन्दा मुखमुखै लाग्नुले निम्न वर्गीय समाजमा शिक्षा र संस्कृतिको अभाव छ भन्ने सामाजिक परिवेश कथामा देखिन्छ । त्यसको सिको अरूले पनि गर्ने कुरा स्वयम् कृष्ण नै थियो । उनीहरूसँग लागेर खोपी खेल्नु, साँढे जुधाएर रमाइलो गर्नु, घरबाट पैसा चोर्नु, जोगीहरूको सङ्गतमा लागेर उनीहरूसँगै हिँड्नु जस्ता घटना वर्णनले बालमनोविज्ञानको परिवेशलाई देखाएको छ । स्थान र समयको समन्वित रूपबाट प्राप्त हुने चाप वा छाप नै वातावरण हो । ........कथामा कलात्मक प्रस्तुति, स्वकीय स्थिति र चरित्रगत मनोदशाको संरचनामा वातावरणको विशिष्ट स्थान हुन्छ (थापा, २०७३, पृ. १६३) । यसरी प्रस्तुत कथा काठमाडौँको परिवेशमा तयार भएको भए पनि यसले सिङ्गो नेपाली समाजलाई प्रतिनिधित्व गरेको देखिन्छ । टेनले राखेको साहित्यिक कृतिमा साहित्यकार बाँचेको स्थानीय परिवेशको छाप पाइन्छ भन्ने समाजशास्त्रीय सिद्धान्तसँग यो कथा मेल खाने भएकाले मैनालीले यस कथामा आफू बाँचेको पर्यावरण वा परिवेश चित्रण गरेको देखिन्छ ।

## निष्कर्ष

सामाजिक यथार्थवादी कथाकार मैनालीद्वारा रचित 'अभागी' कथाले राणाकालीन जाति, क्षण र पर्यावरणलाई समावेश गरेको छ । कथाकार मैनालीले वि.सं. २००३ मा 'अभागी' कथा लेखेकाले यो कथाको परिवेश पनि सोही समयको सामाजिक ढङ्गढाँचामा आधारित रहेको देखिन्छ । पूर्वीय दर्शनप्रतिको आस्था, पितृसत्तात्मक सोच, अन्धविश्वास, बहुविवाह लगायतका घटना र समाजको शैलीका कारण कृष्ण जस्ता निर्दोष बालबालिकाले कति पीडा भोग्नुपर्छ भन्ने मनोविज्ञान पनि कथामा जोडिएर आएको देखिन्छ । यस कथाले वि.सं. २००७ सालअघिको सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक परिवेशका रूपमा जीवनका स-साना दृश्यहरूलाई समेटेको छ । काठमाडौँको परिवेश, पशुपतिको मन्दिर, कैलाश स्थानको चर्चा, मृगस्थली, कालीमाटी, थानकोट, चित्लाङ, भिमफेदी आदि ठाउँको वर्णन गरिएको छ । यो कथा तत्कालीन समाजको यथार्थ चित्रण गर्न सफल देखिन्छ । कथामा आएको प्रजातिले तत्कालीन समाजको सौतेनी डाह, धनी र गरिबको विभेद, जातजातिगत विभेद आदिका आधारमा सामाजिक भेदभावको प्रचलनलाई इङ्गित गरेको छ । कथाभित्र आएको क्षणले तत्कालीन नेपाली समाजको सामाजिक र आर्थिक अवस्थालाई झल्काएको छ । यसैगरी परिवेश वा पर्यावरणको रूपमा आएका घटनाक्रमले पनि नेपाली समाजको सामाजिक र मनोवैज्ञानिक अवस्थालाई

सङ्केत गर्न खोजेको छ । नेपाली समाजमा विधुरहरूको सजिलैसँग विवाह हुने र टुहुरा सन्तान सौतेनी दुर्व्यवहारबाट पीडित हुने स्थिति पाइन्छ । दोस्रो बिहेपछि बाबुहरूले पहिलो पत्नीको सन्तानप्रति उत्तरदायित्व नलिने र उपेक्षा गर्दै जाने प्रवृत्ति हुने हुनाले टुहुरा बालकहरूको जीवन कष्टदायी हुने गरेको पाइन्छ । प्रस्तुत कथाको बाल पात्र कृष्ण यस्तै पीडा बोकेर जोगीको पछि लागेर भारततिर हराउँछ ।

नेपाली समाजका विभिन्न जात र वर्गका व्यक्तिहरूका लवाइखवाइ, रहनसहन र व्यवहारको पनि यस कथामा चित्रण गरिएको छ । खत्रिनी बूढीको परिवार, चौतारियाहरूको दरबारी ढाँचाकाँचा, पूजापाठ आदि र गरिब कसाईका बालकहरूको सडक प्रवृत्ति इत्यादिबाट नेपाली समाजमा पाइने धनी-गरिब, ठूला-साना जातिमा विभेदको ठूलो खाडल देखिन्छ । तत्कालीन नेपालमा मध्यम वर्गीय र विपन्न मानिसहरू आ-आफ्नै बाध्यतामा बाँचेको पाइन्छ । धनी र गरिब सबैलाई दशैँलाई आ-आफ्नो गच्छेअनुसार विशेष महत्त्वका साथ पूजापाठ गर्दै राम्रो लाउने र मीठो खाई मनाउने चलनलाई पनि यस कथाले समेटेको छ । यसरी प्रस्तुत कथामा संक्षिप्त रूपमा भए पनि नेपाली सामाजिक, धार्मिक र सांस्कृतिक क्रियाकलापहरूको परिवेशको चित्रण गरिएको पाइन्छ । वि.सं. २००७ सालपूर्वको नेपाली समाज क्षणको रूपमा आएको छ भने प्रजातिगत रूपमा ब्राह्मण, क्षत्रीय, नेवार, कसाई आदिको उपस्थिति छ । यसले समाजमा व्यक्त कथित उच्च र निम्न वर्गीय खाडललाई देखाएको छ । अतः कथाकारको समय अर्थात् उक्त क्षणको कुलीन परम्परा, सामन्ती प्रवृत्ति र दास मनोवृत्तिलाई यस कथाले यथार्थपरक परिवेशमा चित्रण गरेको छ ।

## सन्दर्भ सामग्री सूची


कार्की, दीपक (२०७५/०७६), 'समयका आँखा' कथा सङ्ग्रहमा विश्वदृष्टि, *प्रज्ञा*, अङ्क १ (११७), नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ११२-१२१ ।

क्षेत्री, उदय (२०६४), *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईको आख्यानको अध्ययन* (अप्रकाशित विद्यावारिधि शोधग्रन्थ), त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिक शास्त्र संकाय ।

जैन, निर्मला (सन् १९९२), *साहित्यको समाजशास्त्रीय चिन्तन* (अनु. तथा सम्पा., दोस्रो संस्करण), मोडन टाउन ।

थापा, मोहनहिमांशु (२०७३), *साहित्य परिचय* (छैटौँ संस्करण), साझा प्रकाशन ।

प्रभात, विष्णु (२०७०), *प्रज्ञा दर्शन कोश* (प्र.सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, मइनेजर (सन् २००६), *साहित्यमा समाजशास्त्रको भूमिका*, साहित्य अकादमी ।

भट्ट, सुशीला (२०६०), *गुरुप्रसाद मैनाली : व्यक्ति र कृति*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भुसाल, राजु (२०७६), 'माछो माछो भ्यागुतो कथामा विश्वदृष्टिकोण, *प्रज्ञा*, अङ्क २ (११८), नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ११९-१२६ ।

मैनाली, गुरुप्रसाद (२०७६), *नासो*, बुक हिल पब्लिकेसन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (दोस्रो संस्करण), विद्यार्थी पुस्तक भण्डार ।